# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड ३ बुटवल, फागुन २९ गते, २०७६ साल संख्या १७

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

### बुटवल उप-महानगरपालिका
### फोहर व्यवस्थापन तथा नियमनमा टोल विकास संस्था परिचालन सम्वन्धी कार्यविधि, २०७६

**प्रस्तावना :**

फोहरलाई स्रोतमा न्यूनीकरण, पृथकीकरण,पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी उप-महानगरपालिका क्षेत्रभित्र फोहरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न,टोल समुदायमा नियमित रुपमा सरसफाई अभियान सञ्चालन गर्न,टोल समुदायमा सरसफाई सम्वन्धी अनुगमन,निरीक्षण नियमन गर्न तथा जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ, स्वस्थ र मनोरम वातावरण कायम गर्न,सडकको दायाँवायाँ गरिने पार्किङ्गलाई व्यवस्थित गर्न र चोक चौराह सडक पेटी ओगटी पसल एवं व्यापारिक सामग्रीहरु राखि  व्यापार गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न एक घर/परिवार एक सदस्य,एक वस्ती,एक टोल विकास संस्थाको अवधारणामा सम्पूर्ण घरपरिवार समेटी नगरपालिकाद्वारा वडा तहमा गठन गरिएका  टोल विकास संस्था परिचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाबाट यो फोहर व्यवस्थापन तथा नियमनमा टोल विकास संस्था परिचालन सम्वन्धी कार्यविधि, २०७६ तयार गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “फोहर व्यवस्थापन तथा नियमनमा टोल विकास संस्था परिचालन सम्वन्धी कार्यविधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि  तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ऐन भन्नाले बुटवल उप महानगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन २०७४ सम्झनु पर्दछ ।

(ख) “नगरपालिका” भन्नाले बुटवल उप-महानगरपालिका सम्झनु पर्छ ।

(ग) "नगर कार्यपालिका" भन्नाले बुटवल उप-महानगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "प्रमुख"भन्नाले बुटवल उप-महानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ड.) "उपप्रमुख"भन्नाले बुटवल उप-महानगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(च.) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुटवल उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) "कसुर र दण्ड सजाय" भन्नाले वुटवल उप-महानगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७४ को दफा २४ ले गरेको व्यवस्था सम्झनु पर्दछ ।

(ज) "संस्था " भन्नाले नगरपालिकामा दर्ता भएका टोल विकास संस्था सम्झनु पर्दछ ।

**३. समुदायको सरसफाइ तथा फोहर व्यवस्थापनमा टोल विकास संस्था परिचालन :**

(१) समुदायको सरसफाइ तथा फोहर व्यवस्थापनमा टोल विकास संस्था परिचालन गर्न सकिने छ ।

(२) समुदायको नियमित सरसफाइ, सरसफाई नियमन/जरिवाना संकलन तथा फोहर व्यवस्थापनमा सहभागी हुन चाहने टोल विकास संस्थाले अनुसूची २ मा उल्लेख भए अनुसारको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(३) नगरपालिकाबाट अनुमति प्राप्त गरिसकेपछि मात्र टोल विकास संस्थाले नियमन तथा जरिवाना गर्न सक्ने छ ।

**४. समुदायको सरसफाइ, नियमन तथा फोहर व्यवस्थापनमा टोल विकास संस्थाको भूमिका:**

(१) टोल विकास संस्थाले आफ्ना हरेक बैठकमा टोलको सरसफाई तथा फोहरमैला न्यूनीकरण तथा पृथकीकरणका सम्वन्धमा छलफल चलाउने ।

(२) टोल विकास संस्थाका सदस्य वा समुदायका सदस्य सबै (घर,परिवार,पसल वा उद्योग व्यवसायी) ले आफ्नो घर पसल वा उद्योगबाट निस्केको कुहिने र नकुहिने फोहरलाई अलग-अलग रुपमा संकलन गरी समय तालिका अनुसार फोहर लिन आउने ट्याक्टर/गाडी/ठेलामा राखि दिई पठाउने परिपाटी मिलाउने ।

(३) आफ्नो टोलभित्र घर पसल अगाडि सडक, सार्वजनिक स्थल, मठ, मन्दिर मस्जिद, पार्क, खुला क्षेत्र, हाटबजार, चौपारी, कुलो नहर, नाली खोल्सी, नदी लगायतका कुनै पनि स्थलमा कुनै पनि प्रकारका फोहर नफाल्ने,फाल्न नदिने परिपाटी बसाउने ।

(४) आफ्नो टोल समुदायमा कोही कसैले फोहर जथाभावी फाल्ने, पान गुट्का खाई जथाभावी थुक्ने,फाल्ने,घर कम्पाउण्ड वा परिसरको दुषित पानी,छतको पानी वा ढलअन्य व्यक्तिको घर जग्गा वा सार्वजनिक स्थलमा वगाई वा चुहाई प्रदुषित गर्नेगराउने गरेको पाइएमा उक्त कार्य नगर्न सचेत गराउने ।

(५) समुदायमा रासायनिक फोहर, विषादीजन्य फोहर, औद्योगिक फोहर तथा स्वास्थ्य संस्थाजन्य फोहर उत्पादन गर्ने संघ संस्था वा व्यक्तिलाई त्यस्तो फोहर अलग्गै संकलन गरी स्वयं व्यवस्थापन गर्न अनुरोध गर्ने, नगरेमा सोको सूचना वडा कार्यालयलाई दिने ।

(६) आफ्नो घर अगाडिको सडक, नाली,सार्वजनिक स्थल, खुला क्षेत्र,चौपारी लगायतका कुनै पनि स्थलमा व्यक्तिगत,निर्माणजन्य तथा व्यापारिक सामग्री नगरपालिकाको अनुमति विना राख्न नदिने ।

(७) आफ्नो टोल समुदाय क्षेत्र अन्तर्गतका सडकहरुको दायाँवायाँ गरिने यातायातका साधनहरुको पार्किङ्ग व्यवस्थापन मिलाउने ।

(८) समुदायमा कोही कसैले अटेर गरी समुदायको सरसफाई,फोहर न्युनीकरण तथा व्यवस्थापनमा वाधा पुऱ्याउने गरी कसुर गरेमा वा अव्यवस्थित पार्किङ्ग गरी आवागमनमा वाधा पुऱ्याएमा नगरपालिकाबाट अनुमति लिई दण्ड जरिवाना गर्ने र नगरपालिकामा लिखित रुपमा सोको जानकारी गराउने ।

(९) आफ्नो टोल क्षेत्रमा फोहर लिन आउने सेवा प्रदायकले नियमित कार्य गरे नगरेको अनुगमन गर्ने ।

(१०) टोल विकास संस्थाको भेला गराइ कार्य प्रगतिको जानकारी गराउने। अन्तरक्रिया र छलफल चलाउने ।

(११) संकलित जरिवानाको विवरण मासिक रुपमा नगरपालिकामा पेश गर्ने ।

(१२) टोलक्षेत्रभित्रका सडक एवं वस्ती क्षेत्रमा नियमित रेखदेख निरीक्षण गर्न र कार्यदललाई सूचना दिन संस्थाले बैठकबाट संस्थाका पदाधिकारी एवं सदस्यलाई कार्य विभाजन गरी तोकी पठाउन सक्ने छ ।

(१३) आफ्नो कार्य प्रगति तीन/तीन महिनामा टोल विकास समन्वय समितिको वैठकमा प्रस्तुत गर्ने ।

**५.जरिवाना सम्बन्धी व्यवस्था :**

(१) टोल समुदायमा कोही कसैले ऐन नियमको उल्लंघन गरी सरसफाइ,फोहर न्युनीकरण तथा व्यवस्थापनमा वाधा पुऱ्याएमा पहिलोपटक सचेत गराउने र यसरी सचेत गराउदा पनि अटेर गरेमा टोल विकास संस्थाले ऐनले तोकेको जरिवानाको सीमाभित्र रहने गरी अनुसूची १ मा उल्लेख भए अनुसारको दरमा जरिवना गर्न सक्ने छ ।

(२) यसरी असुल गरिएको जरिवाना रकम टोल विकास संस्थाले मासिक रुपमा आफ्नो वडा कार्यालय मार्फत नगरपालिकाको खातामा जम्मा गर्नु पर्ने छ । यसरी जम्मा भएको रकमको ५० प्रतिशत रकम ३/३ महिनामा सम्बन्धित टोल विकास संस्थालाई नगरपालिकाले फिर्ता दिनेछ । उक्त रकम टोलविकास संस्थाले वातावरण संरक्षण, सरसफाई तथा टोल क्षेत्रको विपद व्यवस्थापनको कार्यमा खर्च गर्न सक्नेछ।

(३) जरिवाना रकम संकलनको लागि आवश्यक नगदी रसिद नगरपालिकाको राजश्व शाखावाट बुझेर लैजाने व्यवस्था मिलाईनेछ ।

**६.कोष व्यवस्थापन सम्वन्धी व्यवस्था :**

(१) बुँदा नं ५.२ अनुसार उठाइएको रकम संस्थाले छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) बुँदा नं ६.१मा संकलित रकम संस्थाको निर्णय र वडा समितिको सहमतिवाट मात्र खर्च गर्नु पर्नेछ ।

(३) प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र टोल विकास संस्थाको सम्पूर्ण हिसाव कितावको लेखा परीक्षण नगरपालिकाको आलेप शाखाबाट गराउनुपर्नेछ ।

(४) जरिवानावाट संकलित रकम मध्ये टोल विकास संस्थाले आफूले प्राप्त गर्ने रकमको २५ प्रशित रकम संस्थाको निर्णयवाट कार्यदलका पदाधिकारीहरुको सुविधा र सुराकीलाई पुरस्कृत गर्ने कार्यमा खर्च गर्न सक्नेछ ।

**(७) सहजीकरण समिति सम्वन्धी व्यवस्था :**

**(क) फोहरमैला नियमन तथा पार्किङ्ग व्यवस्थापन सम्वन्धमा देहाय बमोजिमको एक नगर स्तरीय सहजीकरण समिति रहनेछ :**

१.उपप्रमुख-संयोजक
२.प्रमुख प्रशासकीय अधिकृत -सदस्य
३.वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक -सदस्य
४. सम्वन्धित वडा अध्यक्ष -सदस्य
५.वातावरण तथा अनुगमन महाशाखा प्रमुख -सदस्य
६.वित्त व्यवस्थापन महाशाखा प्रमुख -सदस्य
७.सरसफाई शाखा प्रमुख -सदस्य सचिव

**(ख) सहजीकरण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

१. समुदायको नियमित सरसफाई, पार्किङ्ग व्यवस्था एवं नियमनमा, आवश्यकता अनुसार सहजीकरण गर्ने ।
२. कार्यविधिले व्यवस्था गरे बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने ।
३. समुदायको नियमित सरसफाई, स्थानीय टोल समुदायका सडकहरुमा सवारी साधन पार्किङ्गको व्यवस्था नियमन/जरिवाना संकलन तथा फोहर व्यवस्थापनमा सहभागी हुन चाहने टोल विकास संस्थालाई अनुमति प्रदान गर्ने ।

**८.टोल समुदायमा स्थलगत अनुगमन, निरीक्षण, सचेतीकरण, नियमन तथा कारवाहीको निर्णय गर्ने कार्यका लागि सम्वन्धित टोल विकास संस्थाले आफ्नो वैठकबाट देहाय बमोजिमको ३ सदस्यीय कार्यदल बनाउन सक्ने छ ।**

क.अध्यक्ष -संयोजक
ख.सचिव -सदस्य
ख.कोषाध्यक्ष -सदस्य

९.टोल समुदायमा स्थलगत अनुगमन,निरीक्षण,सचेतीकरण,नियमन तथा कारवाहीको निर्णय गर्ने, नियमन तथा कारवाहीको अभिलेख राख्ने, टोल विकास संस्थाको वैठकमा कार्य प्रगतिको विवरण पेश गर्ने जिम्मेवारी कार्य दलको हुनेछ ।

१०.विविध:

क.फोहरलाई कुहिने,प्लाष्टिकजन्य र अन्य गरी तीन प्रकारमा छुट्याई राख्नु पर्ने छ ।
ख.फोहर संकलनको ठाउँ,क्षेत्र र समयतालिका कार्यालयले निर्धारण गरे बमोजिम हुने छ ।
ग.जोखिमजन्य फोहरलाई सामान्य फोहरमा मिसाउन पाइने छैन ।

११.टोलविकास संस्था विघटन भएमा उक्त संस्थाको चलअचल सम्पूर्ण सम्पत्ति बुटवल उप-महानगरपालिकाको हुनेछ ।

१२.संस्थाको चल अचल सम्पत्ति अपचलन गरी हिनामिना गरेमा नगरपालिकाले संस्थाका पदाधिकारीहरुवाट सरकारी बाँकी सरह असुल उपर गर्ने छ ।

१३.यो कार्यविधिको व्यख्या, संसोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगरकार्यपालिकामा निहित रहने छ ।

## अनुसूची १

(कार्यविधिको बुँदा नं ५ संग सम्वन्धित)

| क.सं | बु.उ.म.न.पाको फोहोरमैला व्यवस्थापन ऐन, २०७४को खण्ड | कसुर | टोल विकास संस्थाले गर्न सक्ने जरिवाना |
|---|---|---|---|
| १ | २४.क | उप-महानगरपालिकाले तोकि दिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्कासन गर्ने, | पहिलो पटक भए १ हजारसम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा १ हजारदेखि ३ हजारसम्म, तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि ५ हजारका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्ने |
| २ | २४.ख | कन्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने, | रु ५ सयदेखि १ हजारसम्म । |
| ३ | २४.ग | फोहरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थलबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने, | जरिवानाको लागि नगरपालिकामा सिफारिस गर्ने । |
| ४ | २४.च | फोहरमैला संकलन केन्द्र, कन्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने, | रु २०००।- |
| ५ | २४.छ | घर, कम्पाउन्ड वा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने | रु २०००।- |
| ६ | २४.ज | फोहरबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदुषित गराउने, | रु ५०००।- |
| ७ | २४.ञ | रसायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला | जरिवानाको लागि नगरपालिकामा सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| | | जथाभावी फाल्ने वा निष्कासन गर्ने, | |
| ८ | २४.ड | स्रोतमै फोहरमैला पृथकीकरण नगरी कानून विपरीत फोहरमैला मिसाएर निष्कासन गर्ने, | प्रत्येक पटक रु.१०००।-<br>नोटः यो व्यवस्था नगरले फोहरमैला प्राथमिकीकरण गरी संकलन गर्ने व्यवस्था प्रारम्भ भएपछि मात्र लागु हुनेछ । |
| ९ | २४.ढ | मरेको वा मारेको पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने । | रु ५०००।- |
| १० | | तोकिएको स्थान वाहेक सडकमा जथाभावी पार्किङ्ग गर्ने। | -रिक्सा,इरिक्सा रु ४००।-<br>-मोटर साइकल रु १००।-<br>-कार रु ४००।-<br>-ट्रक रु ४००।-<br>-अन्य साना ढुवानीका साधन रु २००।- |
| ११ | | अनुमति विना सडकमा आवागमनमा वाधा पुग्ने गरी निर्माण सामग्री राख्ने । | रु १०००।- जरिवाना गरी हटाउन लगाउने, नहटाएमा रु ५०००।- जरिवाना गर्ने, अटेर गरेमा सामग्री जफत गर्ने । |
| १२ | | अनुमति विना सडक क्षेत्र ओगटी टेण्ट लगाउने । | प्रति स्क्यायर फिट रु ३ |
| १३ | | चोक चौराह सडक पेटी ओगटी पसल एवं व्यापारिक सामग्री राख्ने | पहिलो पटक रु ५००।- त्यस पछि दाव्बर हुँदै जाने । |

अनुसूची २

(कार्यविधिको बुँदा नं ३.२ संग सम्वन्धित)

मितिः

श्री बुटवल उप-महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
५ नं प्रदेश, बुटवल रुपन्देही ।

विषयः अनुमति पाऊँ भन्ने सम्वन्धमा ।

महोदय,

बुटवल उप-महानगरपालिका फोहर व्यवस्थापन तथा नियमनमा टोल विकास संस्था परिचालन सम्वन्धी कार्यविधि, २०७६ ले गरेको व्यवस्था अनुसार बुटवल उप-महानगरपालिका वडा नं ....अन्तर्गत.......................टोलमा फोहर व्यवस्थापन तथा नियमन गर्न..............................टोल विकास संस्था इच्छुक भएकोले तपशिल बमोजिमका कागजात सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु
१.संस्थाको वैठकको निर्णय प्रतिलिपि ।
२.संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३.सम्वन्धित वडा कार्यालयको सिफारिस ।

आज्ञाले
चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०७६/११/२९